नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(.............................. शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

# प्रेस विज्ञप्ति

मिति :........................

मिति २०७२ वैशाख १८ गते नेपाल सरकारका मुख्य सचिव श्री लीलामणि पौड्यालको अध्यक्षतामा बसेको सचिव बैठकबाट देहाय बमोजिमका निर्णयहरु भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

**निर्णयहरु:**

१. मिति २०७२ वैशाख १२ गते गएको भूकम्पबाट प्रभावितहरुको उद्धार कार्य र राहत वितरणलाई अझ प्रभावकारी र समन्यायिक बनाउन केन्द्रमा सचिवको नेतृत्व रहने गरी प्रभावित १४ जिल्लाहरुका प्रत्येक निर्वाचन क्षेत्रमा सहसचिवस्तरको कर्मचारी खटाउने गरी मिति २०७२/०१/१७ मा भएको केन्द्रीय दैवीप्रकोप उद्धार समितिको बैठकको निर्णय तत्काल कार्यान्यन गर्ने। खटिने सहसचिवहरुले थप जनशक्ति माग गरेमा मन्त्रालय/विभागले तत्काल उपलब्ध गराउने। कर्मचारीको खाने बस्ने खर्च सम्बन्धित मन्त्रालयले मिलाउने। यसरी खटिइ जाने टोलीलाई प्रमुख जिल्ला अधिकारीले आवश्यक सहयोग पुऱ्याउने सुनिश्चितता गृह मन्त्रालयले गर्ने साथै सुरक्षा निकायबाट उच्च अधिकृत सहित सुरक्षाको प्रबन्ध गृह मन्त्रालयले मिलाउने।

२. संकटग्रस्त क्षेत्रका अन्यत्र काजमा रहेका कर्मचारी तत्काल फिर्ता बोलाउने तथा रिक्त स्थानमा सबै मन्त्रालय/संस्थानले तत्काल कर्मचारी पनि पुर्ति गर्ने। उक्त क्षेत्रहरुमा कार्यरत कर्मचारीहरुलाई किरिया, प्रसुती र सिकिस्त विरामी बाहेक अन्य विदा नछोड्ने। दैवीप्रकोप उद्धार ऐन २०३९ बमोजिम कर्मचारीहरुलाई परिचालन गर्ने, अटेर गर्ने कर्मचारीलाई तत्काल कारवाही गरी अन्य कर्मचारी खटाउने ब्यवस्था सम्बन्धित मन्त्रालयले मिलाउने। थप जनशक्ति माग भएमा सामान्य प्रशासन मन्त्रालयले तत्काल उपलब्ध गराउने तथा यी कार्यहरुको अनुगमन सचिव आफैंले गर्ने।

३. विभिन्न दातृ निकायबाट प्राप्त हुने राहत सामग्री केन्द्रीय तथा जिल्ला दैवीप्रकोप उद्धार समितिमा अभिलेख राखी सिधै प्रभावित क्षेत्रमा पठाउन सकिने र मितव्ययी एवम् पारदर्शी रुपमा एकद्वार प्रणालीबाट प्राथमिकताका आधारमा वितरण गर्ने। निजी क्षेत्र वा गै.स.स. ले वितरण गर्दा अनिवार्य रुपमा प्रमुख जिल्ला अधिकारीले तोकेको ठाउँमा सरकारी अधिकारीको उपस्थितिमा मात्र गर्ने र वितरण स्थलमा **"नेपाल सरकार जिल्ला दैवीप्रकोप उद्धार समिति ............... जिल्ला"** समेत लेखिएको ब्यानर अनिवार्य राख्ने ब्यवस्था गर्ने।

४. दोलखा, सिन्धुपाल्चोक, रामेछाप, नुवाकोट, गोरखा, रसुवा, काभ्रेपलाञ्चोक, ओखलढुङ्गा ललितपुर क्षेत्र नं. ३ मा खटिने सहसचिवलाई पहिलो प्राथमिकतामा राखी CDMA मोबाइल उपलब्ध गराउने।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमलेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

५. निर्वाचन क्षेत्रमा खटिने सहसचिवहरुलाई फिल्डस्तरमा कुनै समस्या परेमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिवहरु श्री नारायण गोपाल मलेगो (९८४१५१६५०५), श्री शान्तराज सुवेदी (९८५११८५५००), श्री राजुमानसिंह मल्ल (९८५१०३९५५४) र श्री प्रेमकुमार राई (९८५१११००५९) वा गृह मन्त्रालयका सचिव श्री सूर्यप्रसाद सिलवाल (९८५११४०००१) सँग सम्पर्क गरी समस्या समाधान गर्ने।

६. भवन विभागका महानिर्देशकको अध्यक्षतामा सहरी विकास मन्त्रालयबाट पाल खरिदको लागि गठित समितिमा अर्थ मन्त्रालय र महालेखा नियन्त्रण कार्यालयको उपसचिव स्तरको प्रतिनिधि आजै खटाउने।

७. उद्धार तथा राहत वितरणको कार्यमा आउने टोलीले आफ्नो लागि आवश्यक खानपिन, बसोबास, यातायात तथा आवश्यक औषधी, उपचारका उपकरणहरु र पिडितलाई वितरण गर्ने सामग्रीहरु उद्धार तथा राहतको अन्तराष्ट्रिय मापदण्ड एवम् मान्यता अनुरुप परिचालन हुने गरी आउन स्मरण गराउने। आइसकेका सबै निकायहरुलाई परराष्ट्र मन्त्रालयले आजै जानकारी गराई प्रेस विज्ञप्ति समेत जारी गर्ने।

८. द्विपक्षीय तथा बहुपक्षीय संघ/संस्थाबाट प्राप्त राहतको प्रत्येक दिनको विवरण Press Meet मार्फत गृह मन्त्रालयले सार्बजनिक गर्ने।

९. गाउँ स्तरको राहत वितरण गर्दा गा.वि.स. स्तरीय सर्बदलीय संयन्त्र मार्फत गर्ने।

१०. प्रभावित जिल्लाका निर्वाचन क्षेत्रमा खटिने कर्मचारीहरुले सात दिन कार्य गरेपछि केन्द्रबाट अर्को टोली खटाई उनीहरुलाई फिर्ता गर्ने व्यवस्था प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने।

११. प्रत्यके निर्वाचन क्षेत्रमा भएका उद्धार तथा राहतका कार्यहरु र संकलित सूचना दैनिक रुपमा प्रमुख जिल्ला अधिकारी र सम्बन्धित सचिव मार्फत केन्द्रीय दैवीप्रकोप उद्धार समिति (गृह मन्त्रालय) मा उपलब्ध गराउने। सूचना संकलन गर्ने फारामको ढाँचा गृह मन्त्रालयले तयार गरी उपलब्ध गराउने।

१२. भूकम्पको प्रभावबाट विभिन्न जिल्लामा क्षतिग्रस्त भएका सरकारी कार्यालय, शैक्षिक संस्था, सार्बजनिक स्थलहरुमा भत्किएका संरचनाहरुको भग्नावषेश हटाउन सबै कर्मचारी परिचालन गर्ने, सरसफाइ गर्ने एवम् सामान्य मर्मत गरी बस्न हुन सक्ने भएमा सञ्चालनमा ल्याउने व्यवस्था गर्ने। आफ्नो मातहतका सम्पूर्ण तहका कर्मचारीहरु अनिवार्यरुपमा सबै सचिवहरुले परिचालन गर्ने।

१३. हालको परिस्थितिमा उद्धार कार्यमा प्रत्यक्ष संलग्न हुर्नुपर्ने भएकोले अर्को व्यवस्था नभएसम्मका लागि विशेष परिस्थितिमा बाहेक मन्त्रिपरिषद्का सदस्यहरु र राजपत्राङ्कित विशिष्ट र प्रथम श्रेणीका पदाधिकारीहरुलाई विदेश भ्रमणमा नपठाउन नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७२/०१/१४ मा निर्णय भइसकेको सन्दर्भमा कडाइका साथ यसको परिपालना गर्ने।

(उत्तरकुमार खत्री)
प्रवक्ता

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

बैशाख १८, २०७२